

## संलग्नता तथा क्रियाकलापहरू

- महासंघ खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरूबीच नीतिगत बहस, पैरवी, सार्वजनिक सुनुवाइ, संयुक्त अनुगमन, प्रकाशन प्रसारण, तालिम, समन्वय र छलफलका कार्यक्रमहरू आयोजना गरी क्षेत्रगत सक्षमता अभिबुद्धिका लागि क्रियाशील रहेको छ।
- महासंघले विभिन्न सरोकारवालाहरू एवं राष्ट्रिय तथा स्थानीय सञ्जालहरूसँग मिलेर खानेपानी तथा सरसफाइका क्षेत्रमा पहुँच अभिबुद्धि, दिगोपना, सुशासन अभिबुद्धिका साथै नीतिगत सुधार र समन्वयका लागि निरन्तर पहल गरिरहेको छ।
- महासंघले युनिसेफ नेपाल, वाटर एड नेपाल, प्लान नेपाल, हेल्भेटास नेपाल, डच वास एलाएन्स (सिमाभी), पश्चिम नेपाल खानेपानी तथा सरसफाइ परियोजना, ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजना लगायत अन्य संस्थाहरूसँगको सहकार्यमा खानेपानी आयोजनाको सुचारूपना तथा खानेपानी सुरक्षा योजना, उपभोक्ताको क्षमता विकास, नीतिगत पैरवी तथा लवी, विद्यालय सरसफाइ, सुशासन प्रवर्द्धन, वजेट पैरवी लगायतका कार्यहरू सञ्चालन गरिरहेको छ।
- खानेपानी तथा सरसफाइलाई मौलिक अधिकारको रूपमा भावी संविधानमा उल्लेख गर्न पैरवी गर्दै यस क्षेत्रमा भएका नीतिगत व्यवस्था तथा कार्यान्वयन प्रकृयाबीच सामञ्जस्यता कायम गर्दै यस क्षेत्रमा उत्कृष्ट नीति निर्माण तथा प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिरहेको छ।

## प्रमुख उपलब्धिहरू

- राज्यको खानेपानी तथा सरसफाइ क्षेत्रको प्रमुख सरोकारवाला एवं नागरिक संगठनको प्रतिनिधिमूलक संस्थाको रूपमा महासंघको परिचय स्थापित भएको छ।
- देशका अधिकांश ठाउँमा आफ्नो सञ्जाल विस्तार गरी स्थानीय तहसम्म विविध कार्यक्रम संचालन गर्न महासंघ सफल भएको छ।
- महासंघ जिल्ला स्तरमा जिल्ला जलश्रोत समिति तथा जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको प्रमुख सदस्यका रूपमा सहभागी भैरहेको छ।
- महासंघको लामो समयको पैरवी तथा दवावमूलक कार्यक्रमको परिणामस्वरूप खानेपानी तान्नका लागि प्रयोग हुने विद्युतमा लाग्दै आएको विद्युत महशुल डिमाण्ड चार्ज खारेज भएको छ।
- महासंघले खानेपानी तथा सरसफाइका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्दै उपभोक्ताहरूको समेत सहभागितामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि राष्ट्रिय शिखर सम्मेलन सञ्चालन गर्दै आइरहेको छ।




**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
केन्द्रीय कार्यालय, जेसिस मार्ग, थापाथली, काठमाडौं
फोन नं: ०१-४२४९७२०
पोष्ट बक्स नं. १९९८०, काठमाडौं
इमेल: info@fedwasun.org
Website: www.fedwasun.org


खानेपानी र सरसफाइ सबैका लागि सधैका लागि

# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल




## परिचय

खानेपानी तथा सरसफाइ आधारभूत मौलिक अधिकार हो । यस अधिकारलाई नीतिगत एवम् व्यवहारिक रूपमा समेत संस्थागत गर्दै सबैका लागि सधैका लागि खानेपानी तथा आधारभूत सरसरफाइको प्रवन्ध सुनिश्चित गर्न नेपाल भरि छरिएर रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको छाता संगठनको रूपमा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको स्थापना भएको हो ।

महासंघले उपभोक्ता संस्थाको क्षमता विकास, सुशासन, सशक्तिकरण, सामाजिक न्याय, सचेतना अभिबृद्धि आदि क्रियाकलापद्वारा पहुँच नपुगेका वर्गको पहुँच सुनिश्चित गदै खानेपानी तथा सरसफाइ क्षेत्रमा समग्र सेवाको गुणस्तर अभिबृद्धिका साथै निरन्तरता तथा सुचारूपनका लागि केन्द्रीय कर्यालय काठमाडौ तथा देशभरिका हाल ५८ जिल्ला शाखा मार्फत विगत १२ वर्षदेखि आफ्ना विविध कार्यक्रम तथा गतिविधिहरू संचालन गदै आइरहेको छ ।

## महासंघको संरचना




## महासंघको भूमिका

- ग्रामीण खानेपानी तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति तथा रणनीतिक योजना, २०६० मा आयोजनाहरूको स्वतन्त्र अनुगमन तथा सार्वजनिक लेखापरीक्षणको लागि महासंघको भूमिकालाई जोड दिनुका साथै उपभोक्ता संस्थाहरूलाई जिल्ला तथा राष्ट्रिय स्तरको खानेपानी तथा सरसफाइ महासंघ स्थापनाको लागि सहयोग गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ ।
- सरसफाइ गुरूयोजना २०६८ मा केन्द्रदेखि गाउँ सम्मका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा महासंघको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै सरसफाइ प्रवर्द्धनका लागि सामाजिक परिचालनमा भूमिका उल्लेख गरिएको छ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको पहिलो तथा दोश्रो दुवै संयुक्त क्षेत्रगत समिक्षा (Joint Sector Review I & II) मा गैसस तथा नागरिक संगठनको नेतृत्व गरी महासंघले हस्ताक्षर गरेको छ ।
- राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०७१ को मस्यौदामा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको महासंघको महत्व र क्षमताको सम्मान गर्दै पारदर्शी, जवाफदेहिता, पूर्ण र प्रभावकारी सेवाका लागि महासंघको भूमिकालाई प्रष्ट पारेको छ ।

## दूरदृष्टि


सुरक्षित खानेपानी, सुधारिएको सरसफाइ तथा स्वच्छतामा सर्वव्यापी पहुँच सुनिश्चित गर्दै स्वस्थ जनजीवन युक्त समृद्ध समाजको निर्माण गर्ने ।

## ध्येय

खानेपानी र सरसफाइ क्षेत्रका विविध समास्याहरूको समाधानका लागि उपभोक्ता तथा सरोकारवालाहरूको क्षमता विकास गर्दै खानेपानी तथा सरसफाइ सेवा तथा सुविधालाई मानव अधिकारका रूपमा स्थापित गरी सबैको पहुच सुनिश्चित गर्ने ।

## लक्ष्य

नेपाल भरका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूमा स्वच्छ खानेपानी तथा सरसफाइको प्राप्ति र दिगोपनाको लागि आत्मनिर्भरताको अभिवृद्धि गर्दै, आमसहभागिताको माध्यमबाट नीति निर्माण, निर्णय प्रक्रिया र कार्यान्वयनमा प्रभावकारी रूपमा संलग्नता गराउने ।



## उद्देश्यहरू

- खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूलाई एकतावद्ध गरी आपसी सहयोग र सद्भाव अभिवृद्धि गराउँदै ज्ञान, सीप र अनुभवहरूको आदान-प्रदान गर्ने ।
- स्वच्छ खानेपानी तथा सरसफाइको गुणस्तर र दिगोपनाको सुनिश्चितताको लागि सरोकारवालाहरू बीच सचेतना, सहजीकरण, समन्वयात्मक अभियान, अनुगमन र मुल्याङ्कन गर्ने ।
- खानेपानी तथा सरसफाइको क्षेत्रका सवालहरूमा सहजीकरण गर्दै खासगरी महिला, विपन्न, पछाडि पारिएको वर्ग, दलित, आदिवासी जनजाति, तराई-मधेशी समुदायका साथै सबैको खानेपानी तथा सरसफाइमाथिको अधिकार सुनिश्चितताका लागि आवश्यक कार्यहरू गर्ने ।
- महासंघलाई खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको एक जिम्मेवार र सक्षम प्रतिनिधिमुलक संस्थाको रूपमा विकास गरी दिगो रूपमा स्थापित गर्ने ।

## मूल्य र मान्यता

| | |
|---|---|
| १) सुशासन | २) राजनैतिक निष्पक्षता |
| ३) आत्मनिर्भरता | ४) प्रजातान्त्रिक |
| ५) जनवकालत | ६) सेवाको भावना |
| ७) सामाजिक न्याय तथा समावेशी | |

## महासंघका प्रमुख कार्य क्षेत्रहरू :

- स्वच्छ खानेपानी तथा सहज सरसफाइको पहुंच अभिबृद्धि एवं गुणस्तर सुधारका लागि पैरवी
- विभिन्न क्षेत्रमा खानेपानी तथा सरसफाइका योजनाहरू संचालन गर्न आवश्यक पर्ने बजेट विनियोजनका लागि लवी,
- क्षमता विकास, सचेतना अभिबृद्धि र सरसफाइ प्रवर्द्धनमा सहजीकरण
- क्षेत्रगत समन्वय, सहकार्य, संयुक्त अनुगमन तथा स्वतन्त्र अनुगमन तथा सामाजिक लेखा परीक्षण
- क्षेत्रगत नीति, ऐन, कानून निर्माण तथा कार्यान्वयनमा प्रचलित संयन्त्रको प्रभावकारी परिचालनमा सहजीकरण
- खानेपानी आयोजनाहरूको सुचारूपना तथा दीगोपनाका लागि पैरवी, लवी तथा सार्वजनिक सुनुवाई
- खानेपानी तथा सरसफाइका क्षेत्रमा सुशासन प्रवर्द्धन
- संस्थागत विकास तथा संगठनात्मक सुदृढीकरण